# कक्षा ९ र १० को वर्तमान नेपाली पाठ्यक्रमप्रति शिक्षकका अनुभव

नारायणप्रसाद पन्थ, पिएचडी
बुटवल बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय
इमेल : panthanarayan25@gmail.com
Orcid ID: https://orcid.org/ 0009-0006-0535-1151

## लेख जानकारी

**शब्दकुञ्जि :** क्रियाकलाप, पाठ्यक्रम, विद्यार्थीमैत्री, शैक्षिक उद्देश्य, शिक्षण विधि,

**Received:** 10 June 2024

**Reviewed:** 10 November 2024

**Accepted:** 20 November 2024

**DOI:**
https://doi.org/10.3126/snprcj.v5i1.83492

Copyright 2024 © Author(s)

## लेखसार

*प्रस्तुत लेख कक्षा ९ र १० को वर्तमान नेपाली पाठ्यक्रमप्रति शिक्षकका अनुभवमा केन्द्रित रहेको छ । यस लेखको मुख्य उद्देश्य शिक्षकका धारणाका आधारमा कक्षा ९ र १० को वर्तमान नेपाली पाठ्यक्रमप्रति शिक्षकका अनुभव केकस्ता छन् भन्ने प्राज्ञिक जिज्ञासाको खोजी, पहिचान तथा विश्लेषण गर्नु रहेको छ । यसका लागि गुणात्मक ढाँचा, घटना अनुभव पद्धति र निर्माणवादी सिद्धान्तको उपयोग गरिएको छ । यस लेखमा गरिएको स्थलगत अध्ययनअनुसार उद्देश्यपूर्ण नमुना छनोटका आधारमा रुपन्देही जिल्लाका पाँचओटा विद्यालयमा नेपाली अध्यापन गर्ने दसजना शिक्षक छनोट गरी अर्धसंरचनात्मक अन्तरवार्ताका आधारमा तथ्य सङ्कलन गरिएका छन् । द्वितीयक स्रोतका रूपमा पुस्तकालयीय कार्यबाट सैद्धान्तिक सामग्री सङ्कलन गरी उक्त तथ्यहरूलाई वर्णनात्मक ढङ्गले विश्लेषण गरी सङ्कलित तथ्यबाट आशय निर्माण गरी प्राज्ञिक जिज्ञासाका आधारमा निष्कर्षमा पुगिएको छ । शिक्षकले बताएअनुसार पाठ्यक्रमलाई विद्यार्थीका शैक्षिक तथा मनोवैज्ञानिक स्तरअनुसार समयसापेक्ष हुने गरी भाषाशिक्षण सिकाइसँग सम्बन्धित पाठ्यक्रम निर्माण, पाठ्यसामग्री छनोट र स्तरण गर्नुपर्ने देखिन्छ । खास गरी वि.सं. २०७८ को माध्यमिक नेपाली पाठ्यक्रमसँगै नेपाली सिकाइ प्रक्रियालाई प्रायोगिक, व्यवस्थित, अन्तरक्रियात्मक र भाषाशिक्षणको मर्म अनुकूल बनाउन खोजिएको छ । मूलतः शिक्षक केन्द्रित शिक्षण विद्यार्थीमैत्री सिकाइ सहजीकरणको उपयोगतर्फ केन्द्रित हुँदै आएको निष्कर्ष निकालिएको छ । कक्षा ९ र १० को वर्तमान नेपाली पाठ्यक्रमप्रति शिक्षकका अनुभवमा केन्द्रित यो लेख कक्षा ९ र १० को वर्तमान नेपाली पाठ्यक्रम सिकाइ सहजीकरण प्रक्रियालाई व्यवस्थित गराउन उपयोगी हुने देखिन्छ । यस अध्ययनबाट यस क्षेत्रमा रही अन्वेषण गर्न चाहने विद्यार्थी, शिक्षक तथा अनुसन्धानकर्तालगायतलाई सैद्धान्तिक अवधारणा ग्रहण गर्न र त्यसको उपयोग गरी विश्लेषण गर्न मदत पुग्ने अपेक्षा गरिएको छ ।*

## परिचय

नेपाल विभिन्न जातजाति, भाषाभाषी र समुदायको समष्टि रूप हो । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको जनसङ्ख्या २ करोड ९१ लाख ६४ हजार ५७८ रहेको छ (केतवि. राष्ट्रिय जनगणना २०७८) । नेपालको संविधान, २०७२ को भाग १ धारा ६ र ७ का साथै भाग ३ को धारा ३१ र ३२ मा नेपालमा भएका भाषासम्बन्धी व्यवस्था गरिएको छ । संविधानको धारा ७ मा देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुने भनिएको छ । नेपाली भाषा अभिलेखका रूपमा वि.सं. १०३८ को दामुपालको सउपाल अडैले लेखेको पाइएको अभिलेखबाट जारी अभिलेखका आधारमा भएको पाइन्छ (ढकाल, २०६७,पृ. ३२४) । नेपालको इतिहासमा एघारौँ शताब्दीदेखि नेपाली भाषाको प्रयोग हुँदै आए तापनि वि.सं. १३१२ को शिलालेखबाट यसको लिखित रूप प्राप्त भएको पाइन्छ । यसपछि क्रमशः नेपाली भाषाले राष्ट्रभाषा, साझा सम्पर्क भाषा, शिक्षा, सञ्चार तथा प्रशासनको माध्यम भाषा बनी अन्तर्राष्ट्रिय स्तरसम्म व्यापक भएको छ ।

पाठचक्रम अङ्ग्रेजी भाषामा प्रयुक्त करिकुलमको नेपाली रूपान्तरण हो । यो ल्याटिन भाषाको कुरेर शब्दबाट व्युत्पत्ति भएको हो । यसको अर्थ दौडको मैदान भन्ने हुन्छ । पाठचक्रमलाई निर्धारित उद्देश्यसम्म पुऱ्याउने धावनमार्गका रूपमा पनि लिइन्छ। यसले सिङ्गो शैक्षिक कार्यक्रमको प्रतिनिधित्व गरेको हुन्छ । कुनै खास तह पूरा गरेपश्चात् प्राप्त गर्नुपर्ने उद्देश्य, आवश्यक शैक्षिक सामग्री, शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कन चक्र जस्तै निरन्तर घुम्दछन् । त्यसैले यसलाई शैक्षिक कार्यक्रमको पूर्ण कार्यसूची वा विस्तारित योजनाबद्ध कार्यक्रम भनिन्छ । यसले शिक्षाका राष्ट्रिय, तहगत, कक्षागत तथा विषयगत उद्देश्यलाई प्रतिबिम्बित गरेको हुन्छ। पाठचक्रम के पढाउने, कसलाई पढाउने, कुन पाठचवस्तु पढाउने तथा कस्ता शैक्षिक सामग्री प्रयोग गर्ने भनी विषयविज्ञ, अभिभावक, शिक्षक, विद्यार्थीसमेतको संलग्नतामा निर्माण गरिन्छ ।

पाठचक्रम एक व्यवस्थित शैक्षणिक योजना हो। यसमा उद्देश्य, विषयवस्तु, शिक्षण क्रियाकलाप, मूल्याङ्कन, शिक्षण सामग्री तथा पूरक सामग्री व्यवस्थित रूपमा निर्देशन गरिएको हुन्छ । पाठचक्रम शिक्षण सिकाइको योजनाबद्ध कार्यक्रम हो । यसले किन पढाउने, के पढाउने, कति पढाउने र कसरी पढाउने भन्ने कुराको सैद्धान्तिक निर्देशन गरेको हुन्छ । यसले शिक्षण सिकाइका क्रममा अथवा शिक्षणका अन्तमा गरिने रचनात्मक एवम् समसामयिक मूल्याङ्कन प्रक्रियाको निर्देशनसमेत दिएको हुन्छ । त्यसैले यो शैक्षिक कार्यलाई समष्टि र योजनाबद्ध ढङ्गले उद्देश्य प्राप्त गर्न तयार गरिएको विस्तृत योजना हो । यसले शैक्षिक अनुभव, शिक्षण सिकाइ क्रियाकलाप, सिकाइ वातावरण र सिक्ने व्यक्तिलाई समेट्दछ । यो कक्षाभित्र र बाहिर बनाइने सम्पूर्ण शैक्षिक कार्यक्रमको व्यापक एवम् विस्तृत योजनाबद्ध दस्तावेज हो ।

पाठचक्रमले जतिसुकै राम्रा उद्देश्यहरू र आकर्षक पाठचवस्तु छनोट गरे पनि जबसम्म शिक्षण सिकाइमा सफल रूपमा उतार्न सकिँदैन, तबसम्म पाठचक्रमका लक्ष्य पूरा हुन सक्दैनन् । पाठचक्रमलाई व्यवहारिक बनाउन उपयुक्त शैक्षिक प्रक्रियाको उल्लेख गरिएको हुन्छ । यसका लागि व्याख्यान, प्रश्नोत्तर, छलफल, समूहकार्य, परियोजना, नाटकीकरणजस्ता क्रियाकलाप शिक्षण प्रक्रिया वा विधिभित्र समेटिएका हुन्छन् । यो लगानी, प्रक्रिया र प्रतिफल सबैलाई समेटेर निर्माण गरिएको हुन्छ । यसमा शैक्षिक उद्देश्य निर्धारण गर्ने, उद्देश्यअनुसारको विषयवस्तु छनोट गर्ने, शिक्षणविधि, सामग्री र मूल्याङ्कन प्रविधि उल्लेख गरिएको हुन्छ ।

पाठ्यक्रमले शिक्षण सामग्री र शिक्षण क्रियाकलापको निर्देशन गरेको हुन्छ। यसले शिक्षण सिकाइका क्रममा अथवा शिक्षणको अन्तमा गरिने रचनात्मक एवम् समसामयिक मूल्याङ्कन प्रक्रियाको निर्देशनसमेत दिएको हुन्छ। यसले विषयवस्तुको महत्त्वअनुसार पाठ्यसमय र अङ्कभारको सैद्धान्तिक निर्देशन, शैक्षिक कार्यलाई योजनाबद्ध ढङ्गले उद्देश्य प्राप्त गर्न तयार गरिएको विस्तृत योजना र शैक्षिक अनुभव, शिक्षण सिकाइ क्रियाकलाप, सिकाइ वातावरण र सिक्ने व्यक्तिलाई समेट्दछ।

भाषा विचार, भावको बाहक र सिप हो। भाषिक सिप शिक्षण अभ्यास तथा प्रयोगमा आधारित हुन्छ। तहगत रूपमा विद्यार्थीले गर्नुपर्ने भाषिक सिपआर्जनका निम्ति गरिने क्रियाकलाप भाषा पाठ्यक्रमअन्तर्गत पर्दछन्। यो कुनै कक्षा वा स्तरमा दिइने शब्दज्ञान, व्याकरणज्ञान, मौखिक एवम् लिखित रचनाकौशल, बोधअभिव्यक्ति, संवाद, भाषण तथा अभिनयजस्ता वार्तालापसन्दर्भ, क्रियाकलाप र प्रशिक्षणका लागि तयार पारिएको कार्यक्रमको सङ्गठित रूप हो। यसले भाषा सिकाइका सन्दर्भमा शिक्षकलाई निर्देशनसमेत गरेको हुन्छ। यसभित्र भाषिक तत्त्व व्याकरण, वर्णविन्यास, शब्दनिर्माण तथा वाक्य, वैचारिक तत्त्व, साहित्यिक विधा, उपविधाहरू, मौखिक तथा लिखित अभिव्यक्तिका उपविधाहरू समावेश भएका हुन्छन्। त्यसैले यो भाषाशिक्षणका सुनिश्चित उद्देश्यसम्म पुग्नका लागि तय गरिएको एउटा व्यापक, व्यवस्थित तथा योजनाबद्ध गोरेटो हो। भाषाशिक्षणका अपेक्षित उद्देश्य हासिल गराउन समग्र भाषा सिकाइ अनुभवहरूको दिग्दर्शन प्रस्तुत गरिएको हुन्छ। यो सिपमूलक, प्रयोग र अभ्यासमा केन्द्रित हुन्छ।

भाषा पाठ्यक्रम भाषा सिकाइका लागि अर्थात् भाषिक सिप आर्जनका निम्ति लक्षित उद्देश्य हासिल गर्न गरिने सम्पूर्ण प्रयास हो। भाषा सिप भएकाले भाषिक सिप शिक्षण अभ्यास तथा प्रयोगमा आधारित हुन्छ। भाषा पाठ्यक्रम विद्यार्थीले तहगत रूपमा गर्नुपर्ने भाषिक सिप आर्जनका निम्ति गरिने क्रियाकलाप हो। यो भाषिक सिपअन्तर्गत खास कक्षा वा स्तरमा दिइने शब्दज्ञान, व्याकरण ज्ञान, मौखिक तथा लिखित अभिव्यक्ति, रचना कौशल, बोध तथा अभिव्यक्ति, संवादात्मक अभिव्यक्ति, भाषण तथा अभिनय आदि वार्तालाप सन्दर्भ वा क्रियाकलाप शिक्षण प्रशिक्षणका लागि तयार पारिएको शैक्षिक कार्यक्रमको सङ्गठित रूप हो।

भाषा पाठ्यक्रम भाषा सिकाइका लागि विद्यार्थीले योजनाअनुसार लक्षित विन्दुमा पुऱ्याउन निर्देशन एवम् मार्गप्रशस्त गर्ने आधार हो। यसमा विषयवस्तुलाई प्रमुख साध्य नमानी साधन मात्र मानिन्छ। यसभित्र भाषिकतत्त्व (व्याकरण र वर्णविन्यास) वैचारिक तत्त्व (विचार वा भाव) साहित्यका विधा तथा उपविधाहरू र मौखिक तथा लिखित अभिव्यक्तिका उपविधाहरू समावेश गरिएका हुन्छन्। भाषिक सिप तथा समझको विकास गराउने सन्दर्भमा भाषा पाठ्यक्रममा सबैभन्दा पहिले शीर्षक राखिएको हुन्छ।

पाठ्यांश शीर्षकभित्र पाठ्य शीर्षक, पाठ्यांशको प्रकृति (सैद्धान्तिक वा प्रयोगात्मक के हो), पूर्णाङ्क, उत्तीर्णाङ्क, वर्ष (प्रथम, दोस्रो, तेस्रो कुन हो), पाठ्यांश सङ्ख्या तथा समयावधि (घन्टी) लगायत समावेश गरिएका हुन्छन्। यो पठ्यांशको अग्र वा अगाडिको भाग हो। पाठ्यक्रममा पाठ्यांशको परिचय दिइएको हुन्छ। यसमा पनि पाठ्यक्रम कुन तह वा स्तर पार गरेका, कुन तहमा अध्ययन गर्ने विद्यार्थीका निम्ति र के प्रयोजनका निम्ति तयार पारिएको हो भन्ने कुरा परिचयभित्र

उल्लेख गरिएको हुन्छ । सम्बन्धित पाठचक्रम पूरा गरेपश्चात् विद्यार्थीमा के-कस्ता ज्ञान, सिप तथा अभिवृत्तिको विकास हुन्छ भन्ने कुरा उल्लेख गरिएको हुन्छ ।

नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हो । शैक्षणिक क्रियाकलाप, सामाजिक सांस्कृतिक व्यवहार, अन्तरभाषिक व्यवहार, सञ्चार, प्रशासन, प्रविधि तथा मौखिक र लिखित व्यवहारको प्रमुख माध्यम नेपाली भाषा रहिआएको छ । विश्वका विभिन्न देशमा छरिएर रहेका नेपाली तथा नेपाली मूलका भाषाभाषी पनि यही नेपाली भाषा प्रयोग गर्छन् । यसको प्रयोग क्षेत्रमा पनि व्यापक वृद्धि भएको छ ।

नेपाली भाषाको प्रयोग दोस्रो भाषाका रूपमा समेत हुँदै आएको छ । दोस्रो भाषाका रूपमा नेपाली शिक्षणको महत्त्व बढ्दै गएको छ । नेपाली भाषाका माध्यमबाट सिकाइ सक्षमता अभिवद्धि गर्नु तथा मौखिक र लिखित रूपमा यसको सम्पेषण क्षमताको विकास गर्न आवश्यक छ । विद्यालय तहमा नेपाली भाषाशिक्षणको उद्देश्य विद्यार्थीका भाषिक दक्षता अभिवद्धिका साथै अन्य विषयको पठनपाठनको माध्यमलाई सहयोग गरी बोध तथा अभिव्यक्ति पक्षको विकास गराउनु रहेको छ ।

नेपाली भाषा पाठ्यकम तथा पाठ्यपुस्तकको विकासक्रमलाई हेर्दा वि.सं. १९५८ मा देवशमशेरले खोलेका भाषा पाठ्शालामा अक्षराङ्क शिक्षा पाठ्यपुस्तकबाट विद्यालयमा नेपाली भाषाले प्रवेश पाएको पाइन्छ । वि.सं. १९९० मा गोर्खा भाषा प्रकाशिनी समितिको स्थापनापछि भाषा पाठशालाका लागि शिशुबोधिनी तथा गोरखा शिक्षाजस्ता पाठ्यपुस्तक प्रकाशन भएपछि भाषा पाठ्यपुस्तकका रूपमा नेपालीलाई समावेश गरिएको पाइन्छ । वि.सं. १९९० सालमा एस.एल.सी. बोर्डको स्थापनापछि माध्यमिक तहमा पनि नेपाली भाषा पाठ्यपुस्तकले ऐच्छिक विषयका रूपमा समावेश भएर अध्ययन अध्यापनमा सहयोग पुऱ्याएको पाइन्छ । वि.सं. २००८ सालमा आएर माध्यमिक तहमा अनिवार्य नेपाली विषय समावेश गरिएको पाइन्छ । त्यसपछि समयसापेक्ष रूपमा नेपाली भाषाका पाठ्यक्रम तथा पाठ्यपुस्तक परिवर्तन हुँदै आएका छन् । गुरुकुल शिक्षा पद्धतिबाट सुरु भएको नेपालको शिक्षा विकासमा नेपाली भाषा शिक्षणको औपचारिक आरम्भ भाषा पाठशाला ( वि.सं. १९५८ को सुरुवातसँगै भएको पाइन्छ (अधिकारी, २०६३,पृ.३) । भाषापाठ्यक्रम भाषा सिकाइसँग सम्बन्धित व्यवस्थित शैक्षिक योजना हो । यसमा समाविष्ट आवश्यक अङ्गमध्ये शिक्षण सिकाइ सहजीकरण प्रक्रियाले भाषा पाठ्यक्रमका निर्धारित उद्देश्यलाई उपलब्धिमूलक बनाउन सहयोग गर्छ । भाषा पाठ्यक्रममा समाविष्ट कार्यकलाप विद्यार्थीको रुचि, स्तर, क्षमता र उनीहरूका भाषिक अनुभवसँग सम्बन्धित हुनुपर्छ । सिकाइ सहजीकरणमा सिकारुको शैक्षणिक र मनोवैज्ञानिक पक्षलाई विशेष ख्याल गर्नुपर्छ (भट्टराई र अन्य, २०७४,पृ.९) । भाषिक सीप विकास गर्ने उद्देश्यले राखिएका अभ्यासहरू मूल पाठसँग सम्बन्धित र स्पष्ट हुनुका साथै पहिचानात्मक (सैद्धान्तिक) नभई प्रयोगात्मक हुनु राम्रो ठानिन्छ (ढुङ्गेल र दाहाल, २०७४,पृ.१२५) । भाषा पाठ्यपुस्तक खास तह र कक्षाका विद्यार्थीका रुचि, क्षमता, चाहना तथा आवश्यकतालाई ध्यान दिएर सम्बन्धित विषयका विज्ञहरूद्वारा तयार पारिएको हुन्छ । यसको निर्माण विद्यार्थीहरूमा भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी चार सिपको विकास गर्ने हेतुले गरिएको हुन्छ । भाषा पाठ्यपुस्तकमा ज्ञानभन्दा ज्यादा सीपलाई जोड दिइन्छ (भण्डारी र पोखरेल, २०७५, पृ.२४०) । भाषाको लेख्य रूप दृश्यात्मक हुन्छ । यसले ज्ञानविज्ञानका उपलब्धिलाई युगौंयुगसम्म सुरक्षित राखी सभ्यताको विकासमा सहयोग पुऱ्याएको हुन्छ । यस लेखमा कक्षा ९ र १० को वर्तमान नेपाली पाठ्यक्रमप्रति शिक्षकका अनुभवको

खोजी गरिएको छ। नेपाली पाठ्यक्रम तथा भाषाशिक्षणको परम्परा र प्रवृत्तिको जानकारीसहित वर्तमानमा नेपाली भाषा पाठ्यक्रम तथा सोहीअनुकूलका पाठ्यवस्तु निर्धारण र प्रस्तुतीकरण हुँदै आएका छन्। प्रारम्भिक अवस्था वि.सं. २०२८ अधि, २०२८ पछि वर्तमानसम्म आइपुग्दा नेपाली भाषा पाठ्यक्रम, शिक्षणको अवस्था खोजमूलक रहेका छन्। त्यसैले यस प्रकारको अनुसन्धान यसपूर्व भएको नपाइएको र भएका अध्ययनहरू पनि सैद्धान्तिक प्रकृतिका भएकाले अनुसन्धानमा पर्याप्त अन्तराल देखिन्छ। यसबाट अनुसन्धानको औचित्य पनि स्पष्ट हुन्छ। त्यसैले यस लेखमा कक्षा ९ र १० को वर्तमान नेपाली पाठ्यक्रमप्रति शिक्षकका अनुभवको अध्ययनमा सीमित गरिएको छ। यस लेखको उद्देश्य कक्षा ९ र १० को वर्तमान नेपाली पाठ्यक्रमप्रति शिक्षकका अनुभवसँग सम्बन्धित यिनै प्राज्ञिक जिज्ञासामा केन्द्रित कक्षा ९ र १० को वर्तमान नेपाली पाठ्यक्रमप्रति शिक्षकका अनुभवको खोजी तथा सान्दर्भिकता के हो भन्ने प्राज्ञिक जिज्ञासामा केन्द्रित रहेको छ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत लेख कक्षा ९ र १० को वर्तमान नेपाली पाठ्यक्रमप्रति शिक्षकका अनुभवमा केन्द्रित रहेको छ। अध्ययनका लागि उद्देश्यपूर्ण नमुना छनोटका आधारमा रुपन्देही जिल्लामा रहेका पाँचओटा माध्यमिक विद्यालयहरू कालिकामानवज्ञान मा.वि., रामापुर मा.वि., कान्ति मा.वि., उजिरसिंह मा.वि. र सिद्धेश्वर लालकुमारी मा.वि.गरी जम्मा पाँचओटा विद्यालयमा नेपाली विषय अध्यापन गर्ने जम्मा दसजना सूचक शिक्षक छनोट गरी सहभागी गराइएको छ। छनोट गरिएका शिक्षकहरूलाई शिक्षक एक, शिक्षक दुई, शिक्षक तीन, शिक्षक चार, शिक्षक पाँच गरी क्रमशः शिक्षक दस गरी सङ्केत गरिएको छ। यही सङ्केतका आधारमा पहिले कक्षा ९ र १० को वर्तमान नेपाली पाठ्यक्रमप्रति शिक्षकका साझा धारणा प्रस्तुत गरी शिक्षकका अनुभव उल्लेख गरिएका छन्। यसक्रममा नेपाली विषय शिक्षकसँग भेटघाट गरी ब्ली र टेलर (सन् २००२) ले भनेझैं अर्धसंरचना प्रकृतिको अन्तरवार्ता गरी तथ्य सङ्कलन गरिएका छन्। यसक्रममा अनुसन्धानको नैतिक पक्षलाई ध्यान दिई विषय शिक्षकको नाम उल्लेख नगरी सङ्केतका आधारमा उनीहरूका धारणा प्रस्तुत गरिएका छन्। यसका लागि आवश्यक सामग्री द्वितीयक स्रोतबाट पनि सङ्कलन गरिएका छन्। विश्लेषणात्मक विधिमा आधारित यस लेखमा पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरी सम्बन्धित सैद्धान्तिक ग्रन्थलाई स्रोतसामग्रीका रूपमा उपयोग गरिएका छन्। गुणात्मक प्रकृतिको यस लेखमा कक्षा ९ र १० को वर्तमान नेपाली पाठ्यक्रमप्रति शिक्षकका अनुभवको तथ्यपरक विश्लेषण गरिएको छ।

## सैद्धान्तिक पर्याधार

प्रस्तुत लेख कक्षा ९ र १० को वर्तमान नेपाली पाठ्यक्रमप्रति शिक्षकका अनुभवमा केन्द्रित रहेको छ। यस लेखमा भिगोत्स्कीद्वारा प्रतिपादित सामाजिक निर्माणवादी सिद्धान्तलाई मनोवैज्ञानिक पियाजेको संज्ञानात्मक मनोविज्ञानक आधारबाट विकसित नवीन सिद्धान्त मानिएको छ। यो सिद्धान्त शिक्षण सिकाइ र मनोविज्ञानका क्षेत्रमा नयाँ सोच, नयाँ निर्माण, नयाँ चिन्तन, नयाँ अनुभव, नयाँ विधि, नयाँ ज्ञान, नयाँ सिप, नयाँ विकास, नयाँ मूल्य र नयाँ व्यवहारको धरोहरका रूपमा प्रतिस्थापित छ (पौडेल, सन् २०१८, पृ. २८)। बालकमा संस्कृतिको विकास क्रमशः सामाजिक र व्यक्तिगत तहमा देखिन्छ। यो क्रम पहिला व्यक्ति व्यक्तिका बिचमा र पछि गएर आफैँभित्र विकसित हन्छ (भिगोत्स्की, सन् १९७८, पृ. ५७)। यस सिद्धान्तअनुसार बालबालिकामा आफू एक्लैले प्राप्त गर्ने

ज्ञान र सिपभन्दा वयस्क, अग्रज वा साथीसँगको सङ्गतले प्राप्त गर्ने ज्ञान र सिपको मात्रा बढी हुन्छ (क्यामेरोन, सन् २००१, पृ. ५२८) । यस्तै निर्माणवादी सिद्धान्तले सिकाइलाई सरचनात्मक टेवाका रूपमा लिँदै सिकाइ सदैव रचनावादमा आधारित हुन्छ भन्ने मान्यता राखेको छ, जुन सम्प्रेषण सिद्धान्तको नजिक छ (जु र ब्राउन, सन् २०१५, पृ. ३५) । यसका आधारमा आफूभन्दा अग्रज, विज्ञ, शिक्षक, साथीसँगको सङ्गत र सहकार्यले सिकाइमा टेवा पुऱ्याएको हुन्छ । यसै आधारमा शिक्षक शिक्षण सिकाइका लागि सहयोगी, मार्गदर्शक र सहजकर्ताका रूपमा रहन्छन् । यस सिद्धान्तले भाषालाई अन्तरक्रिया गर्ने प्राथमिक तरिका मान्दछ र कक्षाकोठामा हुने सहकार्यमूलक सिकाइलाई महत्त्व दिएको छ (स्योमविन, सन् २०१६, पृ. ५४) । तिमीले भन्यौ भने म विर्सन्छु, तिमीले देखायौ भने म सम्झन्छु र तिमीले गरायौ भने म सिक्छु भन्ने बेन्जामिनको भनाइ (शर्मा, २०६९,पृ.३०) लाई आधार मान्दा प्रभावकारी सिकाइ सहजीकरणमा शिक्षण सामग्रीको प्रयोग अनिवार्य हुन्छ। सहयोगात्मक सिकाइलाई जोन डिवेले ज्ञान निर्माण गर्ने उत्तम उपाय भनेका छन् । यसमा सिकारुबिच पर्याप्त छलफलका साथ सामग्रीको आदान प्रदान हुन्छ (डिमिट्रिएडिस एन्ड कम्बरेलिस ( सन् २००६, पृ. ९) । यसरी सहभागीबिच योजनानिर्माणका आधारमा उत्प्रेरणासहित सहज सिकाइ हुन्छ र तत्काल पर्याप्त पृष्ठपोषण प्राप्त हुन्छ। यसमा मैले के सिकेँ र के सिकाएँ भन्ने आत्मप्रतिविम्वन प्राप्त हुन्छ ।

## छलफल तथा परिणाम

प्रस्तुत अध्ययन कक्षा ९ र १० को वर्तमान नेपाली पाठ्यक्रमप्रति शिक्षकका अनुभवमा केन्द्रित रहेको छ। यसका लागि अन्तर्वार्ताका माध्यमबाट दसजना नेपाली भाषा शिक्षकले दिएका उत्तरलाई आधार मानी तिनको विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ । अन्तर्वार्ता मार्गदर्शनमा सोधिएका मुख्य मौखिक प्रश्नलाई नै थिम मानेर तिनको विश्लेषण गरी छलफल गरिएको छ। यस लेखमा कक्षा ९ र १० को वर्तमान नेपाली पाठ्यक्रमप्रति शिक्षकका अनुभवलाई समेटिएका छन् ।

शिक्षक एकका अनुसार पाठ्यक्रमको विकास, परिमार्जन तथा अद्यावधिक गर्ने कार्य निरन्तर चलिरहने प्रकिया भएकाले परिवर्तित सन्दर्भ, अध्ययनअनुसन्धानका प्रतिवेदन, शिक्षक, प्राध्यापक, विद्यार्थी, बद्धिजीविलगायत सरोकारवाला निकायबाट प्राप्त सुझाव, प्रतिक्रिया, सङ्घसङ्गठनका सुझाव, सञ्चारका माध्यम र नागरिक समाजबाट पाठ्यक्रमलाई सान्दर्भिक तथा समावेशी बनाउने प्राप्त सल्लाहका आधारमा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ तयार भई नेपाल सरकारबाट विद्यालय तहको पाठ्यक्रम २०७८ स्वीकृति भएको हो ।

शिक्षक दुईका अनुसार राष्ट्रिय पाठ्यक्रम प्रारूपले निर्देश गरेको विद्यालय तहको पाठ्यक्रम संरचना एवम् पाठ्यक्रम विकासका मार्गदर्शक सिद्धान्त, ज्ञानको विस्तार तथा सिर्जना, सेवाक्षेत्रमा बढेको प्रतिस्पर्धा, राजनीतिक, सामाजिक र आथिक क्षेत्रमा आएका परिवर्तनले पाठ्यक्रम परिमार्जनको आवश्यकता औँल्याएअनुसार विद्यालय शिक्षालाई सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्रनिर्माणका लागि सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग गर्ने माध्यमका रूपमा विकास गर्ने दृष्टिकोण रहेको छ। माध्यमिक शिक्षाले विद्यार्थीमा ज्ञानको खाजी गरी सिकाइ र वास्तविक जीवनबिच सम्बन्ध स्थापित गर्न, सिद्धान्त तथा व्यवहारको समन्वय गर्न, ज्ञान, सिप र क्षमतालाई अद्यावधिक गर्ने सक्षमता विकास गराउने अपेक्षा राखेको छ । यसै गरी शिक्षाले अधिकार, स्वतन्त्रता र समानताको प्रर्वधन गर्न, आफ्ना कर्तव्यप्रति सचेत हुने, स्वस्थ जीवनशैलीको अभ्यास गर्न,

तार्किक विश्लेषण गरी निर्णय गर्न, वैज्ञानिक विश्लेषणका आधारमा व्यक्ति, समाज र राष्ट्रको दिगो विकासमा सरिक हुने नागरिक तयार गर्न सहयोग गर्ने अपेक्षा राखेको छ ।

शिक्षक तीनका अनुसार शिक्षाको अपेक्षा नैतिक आचरण प्रदर्शन गर्न, सामाजिक सद्भावप्रति संवेदनशील हुने, पर्यावरणीय सन्तुलनप्रति संवेदनशील हुने, द्वन्द्व व्यवस्थापन गर्दै दिगो शान्तिका लागि प्रतिबद्ध रहन, आधुनिक ज्ञान, सिप तथा सञ्चार प्रविधिको प्रयोग गर्न, स्वावलम्बी र व्यवसायमुखी सिपको अभ्यास गर्ने सक्षमताको विकास गर्ने अपेक्षा राखेको छ । शिक्षाको कार्यदिशा भनेको राष्ट्र, राष्ट्रियता र राष्ट्रिय आदर्शको सम्मान गर्न, समाज स्वीकार्य आचरण र कार्य संस्कतिको अवलम्बन गर्न, सहिष्णुभाव राख्न, सिर्जनशील, कल्पनाशील, उद्यमशील एवम् उच्च सोच र आदर्शमा आधारित व्यवहार गर्न, समसामयिक चुनातीको सफल व्यवस्थापन गर्नलगायतका विशेषताले युक्त स्वावलम्बी, देशभक्त, परिवर्तनमुखी, चिन्तनशील एवम् समावेशी समाजनिर्माणमा योगदान गर्न सक्ने सक्षम नागरिक तयार गर्नु हो । त्यसैले यसका लागि कक्षा ९ र १० का पाठ्यक्रम संरचनालाई पुनः संरचित गर्न राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्बाट अन्तिम रूप दिई नेपाल सरकारबाट स्वीकृत भएको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ लाई आधार मानी माध्यमिक तह (कक्षा ९ र १०) का विभिन्न विषयका पाठ्यक्रम तोकिएका विद्यालयमा परीक्षण गरी परीक्षणका पृष्ठपोषण समेटी यो पाठयकम विकास गरिएका हो ।

शिक्षक चारका अनुसार पाठ्यक्रमको पहिलो खण्डमा माध्यमिक शिक्षा ( कक्षा ९ र १०) पाठ्यक्रम २०७८ को परिचय तथा संरचना समावेश गरिएको छ । यसमा शिक्षाका राष्ट्रिय उद्देश्य, तहगत सक्षमता तथा पाठ्यक्रमका समग्र संरचना समावेश गरिएका छन् । दोस्रो खण्डमा अनिर्वाय विषयका पाठ्यक्रम समावेश गरिएका छन् । यसले विषयगत सिकाइ उपलब्धि, विषयवस्त, शिक्षण सिकाइका लागि आवश्यक विधि/प्रविधि तथा मूल्याङ्कनका पक्षलाई पनि मार्गनिर्देश गरको छ । शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थीकेन्द्रित र बालमैत्री शिक्षण विधि अपनाउनुपर्ने विषय उल्लेख गरिएको छ । विद्यार्थीको सहभागितामा योजना निर्माण, परियोजना कार्य, क्षेत्र भ्रमण, समस्या समाधान, खोजमूलक अध्ययन, प्रवर्तनमुखी शिक्षण पद्धतिलाई शिक्षण सिकाइका विधिका रूपमा कार्यान्वयन गर्नुपर्ने र सिकाइलाई केन्द्रबिन्दु मानी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने उल्लेख गरिएको छ । सबै प्रकारका सिकाइ आवश्यकता र चाहना भएका (अपाङ्गता भएका, अशक्त, असहाय, कमजोर) विद्याथीलाई समेट्ने गरी कक्षामा समावशी शिक्षण प्रकिया अपनाउनुपर्ने, सिकाइलाई केन्द्रबिन्दु मानी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्ने, विद्यार्थीका सहभागितामा योजना निर्माण, परियोजना तथा प्रयोगात्मक कार्य, क्षेत्र भमण, समस्या समाधान, आविष्कारमुखी अध्ययन, प्रवर्तनमुखी शिक्षण पद्धतिलाई सिकाइ सहजीकरण विधिका रूपमा कायान्वयन गर्न र सिकाइ प्रक्रिया सद्धान्तिक पक्षमा भन्दा बढी गरेर सिक्न अवसर प्रदान गर्न क्रियाकलापमा आधारित हुनुपर्ने र गर्नुपर्ने विषय उल्लेख गरिएको छ ।

शिक्षक पाँचका अनुसार शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिका निर्वाह गर्नुपर्ने, पठनपाठनमा सञ्चार प्रविधिलाई उपलब्ध साधन, स्रोत र आवश्यकताअनुसार उपयोग गर्न, सबै प्रकारका सिकाइ आवश्यकता र चाहना भएका (अपाङ्गता भएका, अशक्त, असहाय, कमजोर) विद्याथीलाई समेट्ने गरी कक्षामा समावेशी सिकाइ सहजीकरण प्रक्रिया अपनाउनुपर्ने, विद्याथी मूल्याङ्कन प्रक्रिया विद्यालय तहमा विद्यार्थी उपलब्धि मूल्याङ्कनका लागि

निर्माणात्मक वा शिक्षण सिकाइका क्रममा गरिने निरन्तर मूल्याङ्कन प्रक्रिया अवलम्बन गरी सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गरिने र आवधिक वा निर्णयात्मक मूल्याङ्कन प्रक्रियालाई अवलम्बन गरी विद्यार्थीका सिकाइस्तर निर्धारण गर्नुपर्ने विषय उल्लेख गरिएको छ ।

शिक्षक छका अनुसार आन्तरिक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीका सिकाइ स्तरमा सुधार गर्नु भएकाले यसका लागि शिक्षकले विद्यार्थीका व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा पटक पटक सिकाइ अवसर प्रदान गर्नुपर्ने, विद्यालय तहको आन्तरिक मूल्याङ्कनमा कक्षागत सिकाइ सहजीकरणका अभिन्न अङ्गका रूपमा गृहकार्य, कक्षाकार्य, प्रयोगात्मक तथा परियोजना कार्य, सामुदायिक कार्य, कार्य प्रस्तुतीकरण, अतिरिक्त क्रियाकलाप, एकाइ परीक्षा, मासिक तथा त्रैमासिक परीक्षाजस्ता मूल्याङ्कनका साधनको प्रयोग गर्न सकिने र यस्ता मूल्याङ्कनमा विद्यार्थीको न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै सिकाइ उपलब्धिका तथ्यगत अभिलेख (Evidence based Record) राखी सिकाइ अवस्था यकिन गरी सुधारात्मक तथा उपचारात्मक सिकाइबाट सुधार गर्ने पक्षमा जोड दिनुपर्छ । विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीका लागि विषय शिक्षकले नै उपयुक्त प्रक्रिया अपनाई मूल्याङ्कन गर्नुपर्ने कुरा उल्लेख गर्दै आन्तरिक मूल्याङ्कनको नतिजालाई अभिलेखीकरण गरी विषयगत पाठ्यक्रममा तोकिएअनुसार निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा आवधिक मूल्याङ्कनमा समावेश गरिने कुरा उल्लेख छ ।

शिक्षक सातका अनुसार निर्माणात्मक मूल्याङ्कनबाट प्राप्त नतिजाका आधारमा आन्तरिक मूल्याङ्कन र अन्तिम/बाहय परीक्षाका नतिजाका आधारमा तोकिएको भार समावेश गरी विद्यार्थीको निर्णयात्मक मूल्याङ्कन गरिने व्यवस्था मिलाइएको छ। आन्तरिक मूल्याङ्कनका रूपमा निर्माणात्मक मूल्याङ्कनबाट प्राप्त तोकिएअनुसारका भारको मूल्याङ्कन आवधिक मूल्याङ्कनमा समावेश गरिने कुरा उल्लेख छ। आन्तरिक मूल्याङ्कनका तरिकामा विषयगत विविधता हुन सक्ने भए पनि निम्नलिखित पक्षको मूल्याङ्कन सबै विषयमा समावेश गरिने कुरा उल्लेख छ ।

शिक्षक आठका अनुसार कक्षा सहभागिताको मूल्याङ्कनका निम्ति विद्यार्थीको नियमितता ( उपस्थिति) र कक्षा क्रियाकलापमा सहभागिताको अभिलेखका आधारमा गरिएको मूल्याङ्कन गरिने कुरा उल्लेख छ । त्रैमासिक परीक्षाहरूका अङ्कका आधारमा प्राप्त अङ्कका बारेमा पहिलो त्रैमासिक अवधिभरमा पठनपाठन भएका विषयवस्तुबाट पहिलो परीक्षा सञ्चालन गरिने छ भने पहिलो र दोस्रो त्रैमासिक अवधिभरमा पठनपाठन भएका विषयवस्तुबाट दोस्रो त्रैमासिक परीक्षा सञ्चालन गरिने कुरा उल्लेख छ ।

शिक्षक नौका अनुसार प्रयोगात्मक तथा परियोजना कार्यको मूल्याङ्कनका सन्दर्भमा प्रयोगात्मक, सैद्धान्तिक तथा अन्य पक्षका मूल्याङ्कनको भार, विधि तथा साधन सम्बन्धित विषयका पाठ्यक्रममा उल्लेख भएअनुसार हुनुपर्ने र सद्धान्तिक पक्षका मूल्याङ्कनका लागि विशिष्टीकरण तालिकाका आधारमा हुने व्यवस्था मिलाइएको छ। परीक्षामा विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीलाई केही खास खास विषयमा अरू साधारण विद्यार्थीलाई दिइने प्रश्नभन्दा अलग प्रश्नबाट वा अन्य उपयुक्त तरिकाबाट मूल्याङ्कन गर्नुपर्ने छ। विशेष आवश्यकता भएका विद्यार्थीका लागि परीक्षाको समय थप गन सकिने छ। विद्यार्थी मूल्याङ्कन गर्दा शिक्षकले अपाङ्गता भएका र विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीका लागि उपयक्त हुने मूल्याङ्कन प्रकिया अपनाउनुपर्ने छ।

विद्यार्थीको सिकाइ उपलब्धिको मूल्याङ्कन गर्दा अक्षराङ्कन पद्धतिलाई उपयोग गरिने कुरा उल्लेख गरिएको छ ।

शिक्षक दसका अनुसार पाठ्यक्रम मूल्याङ्कन पाठ्यक्रमको मूल्याङ्कनका आधारका रूपमा विद्यार्थीको उपलब्धि स्तर, शिक्षकको कार्य सम्पादन स्तर, पठन पाठनमा उपयोग गरिएको समय, विद्यार्थीको वैयक्तिक तथा सामाजिक व्यवहार र प्रभाव, अभिभावक तथा समाजका सिकाइप्रतिका अपेक्षा र प्रतिक्रिया, सरोकारवालाको विद्यालयप्रतिको धारणा उपयुक्त पक्षमा समेतका आधारमा प्रत्येक पाँच वर्षमा पाठ्यक्रमको मूल्याङ्कन गरिने र यसो गर्दा व्यक्ति, परिवार र समाजमा परेको प्रभाव समेतलाई हेरिने कुरा उल्लेख गरिएको छ ।

यसरी वर्तमान पाठ्यक्रममा प्रत्येक विषयगत पाठ्यक्रममा परिचय, तहगत सक्षमता, कक्षागत सिकाइ उपलब्धि, विषयवस्तुको क्षेत्र र क्रम, प्रयोगात्मक तथा परियोजनाकार्यअन्तर्गतका सम्भाव्य क्रियाकलापका उदाहरण, क्षेत्र तथा एकाइगत कार्यघन्टा, विद्यार्थी मूल्याङ्कन तथा प्रक्रिया उल्लेख गरिएको छ। नेपाली भाषाको पाठ्यक्रम भाषिक सिपगत सक्षमतामा आधारित छ। यसमा सक्षमतालाई सुनाइ, बोलाइ, पढाइ र लेखाइजस्ता भाषिक सिपगत सक्षमतामा वितरण गरिएको छ । यसले नेपाली भाषाका माध्यमबाट समाजका आर्थिक, सामाजिक र सांस्कृतिक बहुलताको सम्मान गर्ने लक्ष्य राखेको छ। यस लक्ष्यलाई प्राप्त गर्नका लागि पाठ्यवस्तुलाई संयोजन गरिएको छ। यसका लागि सिप र विधाको क्रमलाई व्यवस्थापन गरिएको छ। यसमा निर्धारित सक्षमता हासिल गर्ने खालका भाषिक सिप राखिएका छन्। सिप विकासका साधनका रूपमा विभिन्न विधा तथा उपविधाहरू राखिएका छन्। विधागत प्रकृतिका आधारमा उपयुक्त भाषातत्त्वको संयोजन गरिएको छ। नेपाली भाषा पाठ्यक्रमलाई व्यावहारिक बनाउन तहगत सक्षमता, कक्षागत सिकाइ उपलब्धि, विषयवस्तुको क्षेत्र र क्रम, सिकाइ सहजीकरण प्रक्रिया तथा मूल्याङ्कनलाई समेटिएको छ। पाठ्यक्रममा नेपाली भाषाशिक्षणलाई समयसापेक्ष बनाउन विषयगत औचित्य, पाठ्यक्रममा रहेका मुख्य विशेषता तथा स्वरूपलाई विशेष ध्यान दिइएको छ। विषयगत रूपमा अपेक्षित ज्ञान, सिप, अभिवृत्ति, मूल्य र कार्यतत्परतालाई समेटिएका छन्। यसका लागि सिकाइ सबलता, सिकाइको स्तर र त्यसको कार्यान्वनका रूपमा सिकाइ सक्षमतालाई विशिष्टीकरण गरी सिकाइ उपलब्धिका रूपमा राखिएका छन्। सिकाइ उपलब्धिको स्तरण तथा आधारभूत तह र माथिल्ला कक्षासँगको लम्बीय सन्तुलनसमेतका आधारमा विषयवस्तुको क्षेत्र र क्रम निर्धारण गरिएको छ। विषयगत विशिष्टपन र मौलिकतालाई समेटी सिकाइ सहजीकरणका विधि तथा प्रक्रिया, भाषिक सिप एवम् शैलीका माध्यमबाट निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन विधि तथा प्रक्रिया उल्लेख गरी विद्यार्थी मूल्याङ्कनलाई व्यवस्थित गरिएको छ ।

## पाठ्यक्रमप्रतिका साझा धारणाको विश्लेषण

माध्यमिक शिक्षा (कक्षा ९ र १०) २०७८ अनुसार नेपाली विषयको अध्ययनपश्चात विद्यार्थीमा हासिल हुने सक्षमताहरूका रूपमा देखेका, सुनेका, पढेका, सिकेका र अनुभव गरेका विषयवस्तुको मौखिक र लिखित अभिव्यक्ति, मौखिक, लिखित एवम् सञ्चार माध्यमबाट प्रसारण हुने विषयवस्तुको बोध र अभिव्यक्ति, पाठगत सन्दर्भको पहिचान, घटना, चरित्र र परिवेशको बोध र प्रस्तुति, सामाजिक, सांस्कृतिक तथा व्यावहारिक अभिव्यक्तिमा आधारित लेखन, अन्तरभाषिक र सांस्कतिक मूल्यप्रति सचेततापूर्ण भाषिक व्यवहार प्रदर्शन, खोज र परियोजनालाई प्रस्तुत गर्ने भाषिक क्षमता

विकास, प्रयोजन र परिवेशअनुसार भाषाको प्रयोग, नेपाली भाषाको व्यावहारिक विशेषताको पहिचान र स्तरीय रूपको प्रयोग, भाषिक कार्यसम्पादनमा कल्पनात्मक, अनुमानात्मक, तार्किक, अन्तरक्रियात्मक, सिर्जनात्मक र समालोचनात्मक सिपको उपयोग निर्धारण गरिएका छन् ।

सिकाइ सहजीकरण निर्धारित सक्षमता र कक्षागत सिकाइ उपलब्धि हासिल गर्नका लागि शिक्षक र विद्यार्थीले विषयवस्तुमा आधारित भई गर्ने क्रियाकलाप भएकाले भाषाशिक्षण विषयवस्तुका माध्यमबाट सुनाइ, बोलाइ, पढाइ र लेखाइजस्ता भाषिक सिपहरूको शिक्षण हो । पाठ्यक्रमले निर्देश गरेका विभिन्न विधागत क्षेत्रलाई श्रुतिबोध, शब्दोच्चारण, पठनबोध, मौखिक र लिखित अभिव्यक्ति, शब्दभण्डार, भाषातत्त्व र वर्णविन्यासगत अभ्यासका लागि उपयोग गरिएको छ । सिकाइ सहजीकरण भाषिक सिप, संरचना र शब्दभण्डारको हस्तान्तरणमा आधारित हुन्छ । विद्यार्थी केन्द्रित भएर गरिने भाषाको सिकाइ सहजीकरण व्यक्तिगत र सामूहिक अभ्यासमा आधारित भएकाले शिक्षकले विद्याथीलाई पर्याप्त अवसर उपलब्ध गराई अभिप्रेरणामूलक तथा सन्दर्भमा आधारित भई भाषिक कियाकलाप गराउन सकिन्छ । सिकाइका सिद्धान्त र मनोवैज्ञानिक पक्ष अनुसरण गरी सिकाइ सहजीकरण हुन्छ । शिक्षकले भाषिक दक्षता वृद्धि गर्न र सिकाइप्रति अनुरागी बनाउन सहजकर्ताको भूमिका निर्वाह गराउनुपर्छ । यस पाठ्यकममा यी विषयमा ध्यान पुऱ्याइएको छ ।

भाषिक सिप सिकाइको प्रभावकारिता उत्प्रेरणात्मक सिकाइ सहजीकरण प्रक्रियामा निर्धारित हुन्छ । सिकाइ सहजीकरण प्रकिया छनोट गर्दा सक्षमता तथा सिकाइ उपलब्धिहरू, विषयवस्तुको स्वरूप, विद्यार्थी मनोविज्ञान, क्षमता र रुचि, स्रोत साधनको उपलब्धता, विद्यालय वातावरण र सिकाइ सहजीकरण अवस्थाजस्ता पक्षमा ध्यान पुऱ्याइएको छ। भाषा सिकाइ प्रक्रियाको प्रभावकारिता र उपलब्धि सिकाइ कियाकलापद्वारा निर्धारित हुन्छन् । यी क्रियाकलापको निर्माण र प्रयोगबाट नै शिक्षकले आफ्नो शिक्षण कौशल प्रदर्शन गर्न, सिप हस्तान्तरण गर्न र पाठ्यकमको सही कार्यान्वयन गर्न सक्छन् । यस पाठ्यकममा यी विषयमा ध्यान पुऱ्याइएको छ ।

सुनाइ सिपअन्तर्गत वर्ण र वाक्यविभदीकरण, लयबोध, श्रुतिलेख, श्रुतिरचना, सुनाइका आधारमा बुँदाटिपोट, श्रुतिबोध, पाठको सुनाइका आधारमा प्रश्ननिर्माण, अनुमान, वस्तु वा घटनावर्णनजस्ता कियाकलाप गराउन सकिने भएकाले बोलाइ सिपअन्तर्गत कुराकानी, छलफल, प्रश्नोत्तर, वस्तुवर्णन, कथाकथन, घटनावर्णन, वादविवाद, वक्तृता, अभिनय र नाटकीकरणजस्ता कियाकलाप गराउन सकिन्छ । यस पाठ्यकममा यी विषयमा ध्यान पुऱ्याइएको छ ।

पढाइ सिपअन्तर्गत सस्वर र मौनपठन, पठन गतिको मापन, शब्दार्थबोध तथा पठनबोधअन्तर्गत प्रश्नोत्तर, अनुमान, संरचना वर्णन, सारांश, प्रश्नको निर्माण, घटनावर्णन र मिलानजस्ता कियाकलाप गराउन सकिन्छ । लेखाइ सिपअन्तर्गत अनुलेखन, श्रुतिलेखन, अनुभव वर्णन, वस्तु तथा घटनाका वर्णन, यात्रावर्णन, प्रश्नोत्तर लेखन, बुँदाटिपोट, भावविस्तार वा व्याख्या, सारांश लेखन, अनच्छेद लेखन, निबन्ध लेखन, प्रतिवेदन लेखन, संवाद लेखन, विभिन्न विषय क्षेत्रका व्यावहारिक लेखन र विभिन्न विधामा सिर्जनात्मक लेखनलगायतका कियाकलाप गराउन सकिन्छ । यस पाठ्यकममा यी विषयमा ध्यान पुऱ्याइएको छ ।

कथा शिक्षणको उद्देश्य विद्यार्थीहरूमा कथनात्मक अभिव्यक्ति सिपको विकास गर्नु भएकाले आख्यानात्मक पाठ भाषा शिक्षणका साधन हुन् । नपाली भाषा पाठ्यकममा यिनलाई सुनाइ, बोलाइ,

पढाइ र लेखाइका माध्यमका रूपमा राखिएको छ । यस पाठ्यक्रममा यी विषयमा ध्यान पुऱ्याइएको छ ।

आख्यानात्मक पाठको शिक्षणमा कथाश्रवण, कथाकथन, संरचना पहिचान, कथानिर्माण, सस्वर तथा मौनपठन, संरचना पहिचान, पठनबोध, प्रश्नोत्तर, चरित्रचित्रण, पात्रतुलना, बुँदाटिपोट, व्याख्या, सारांश, घटनाक्रम मिलान, कथासार, नयाँ शब्दको उच्चारण, अर्थबोध र प्रयोग, अनुलेखन, श्रुतिलेखन र सिर्जनात्मक लेखनजस्ता क्रियाकलाप गराउन सकिन्छ । यस पाठ्यक्रममा यी विषयमा ध्यान पुऱ्याइएको छ ।

लयबद्ध पाठको मुख्य प्रयोजन लयबोध, भावबोध र उच्चारण सिपको विकास गराउनु हो । यसमा लययुक्त सस्वरवाचन, संरचना पहिचान, भाव पहिचान, प्रश्नोत्तर, सारांश, भावार्थ, गद्यरूपान्तरण, प्रश्ननिर्माण, सन्देश ग्रहण, अर्थबोध र प्रयोग एवम् भावविस्तारसँग सम्बन्धित क्रियाकलाप गराउन सकिन्छ । आवश्यकताअनुसार अनुकरणात्मक र सिर्जनात्मक लखनतर्फ अनुरागी बनाउन सकिन्छ । यस पाठ्यक्रममा यी विषयमा ध्यान पुऱ्याइएको छ ।

जीवनी शिक्षणको मुख्य प्रयोजन भाषाका मौखिक तथा लिखित बोध तथा अभिव्यक्ति क्षमताको विकास गराउनु हो । व्यक्तिवृत्त वर्णन गर्ने सिपको विकास गराइ सस्वर तथा मौनपठन, पठनबोध, प्रश्नोत्तर, बुँदाटिपोट, व्याख्या, सारांश, घटनाक्रम मिलान, नयाँ शब्दको उच्चारण, अर्थबोध र प्रयोग, अनुलेखन, श्रुतिलेखन, अनुकरणात्मक र स्वतन्त्र लेखनजस्ता क्रियाकलाप गराउन सकिन्छ। यस पाठ्यक्रममा यी विषयमा ध्यान पुऱ्याइएको छ ।

निबन्ध शिक्षणको मुख्य प्रयोजन विद्यार्थीमा गद्यात्मक अभिव्यक्ति, बोध क्षमता र गद्यात्मक लिखित अभिव्यक्ति क्षमताको विकास गराउनु हो । निबन्धमा आधारित भएर भाषिक सिप विकासका अभ्यास गराउँदा सस्वर तथा मौनपठन, संरचना पहिचान, पठनबोध, प्रश्नोत्तर, छलफल र व्याख्या गराउन सकिन्छ । यसका साथै बुँदाटिपोट, व्याख्या, सारांश, प्रश्ननिमाण, शब्दको उच्चारण, अर्थबोध र प्रयोग, अनुलेखन, श्रुतिलेखन र स्वतन्त्र लेखनजस्ता क्रियाकलाप गराउन सकिन्छ। यस पाठ्यक्रममा यी विषयमा ध्यान पुऱ्याइएको छ ।

रूपक शिक्षणको मुख्य प्रयोजन कथ्य अभिव्यक्तिगत क्षमताको विकास गराउनु हो । यसका लागि निर्दिष्ट संवाद, वादविवाद, वक्तृतालाई परिस्थिति, पात्र र भावानुकूल वाचन, अभिनय र भूमिकानिर्वाहको अभ्यास गराउन सकिन्छ । कथ्य अभिव्यक्ति क्षमताको मूल घटक हाउभाउ, स्वरको आरोह अवरोह, आघात, गति, यतिको ख्याल गर्न लगाउन सकिन्छ । यस्ता पाठको अभ्यास गराउँदा सस्वर तथा मौनपठन, संरचना पहिचान, शब्दको उच्चारण, अर्थबोध र प्रयोग, प्रश्ननिर्माण, प्रश्नोत्तर, कुराकानी, भावपहिचान, संवादप्रति, श्रुतिलेखन र स्वतन्त्र लेखन, संवाद, वादविवाद, वक्तृताको अनुकरण लेखनजस्ता क्रियाकलाप गराउन सकिन्छ। पाठ्यक्रममा यी विषयमा ध्यान पुऱ्याइएको छ ।

व्यावहारिक लेखन लेख्य क्रियाकलाप भएकाले यसअन्तर्गत चिठी, निवेदन, निमन्त्रणा, विज्ञापन, समवेदना, बधाई, भरपाईलगायत लेखनका अभ्यास गराउन सकिन्छ। यिनको शिक्षण गर्दा दिइएका व्यावहारिक लेखनलाई नमुनाका रूपमा उपयोग गरी तिनका संरचना, ढाँचा र शैलीसमेतको अभ्यास गराउन सकिन्छ । यसका साथै प्रश्न निर्माण, शब्दको उच्चारण, अर्थबोध र प्रयोग, पत्युत्तर लेखन,

अनुकरण र स्वतन्त्र व्यावहारिक लेखनजस्ता कियाकलाप गराउन सकिन्छ। यस पाठ्यकममा यी विषयमा ध्यान पुऱ्याइएको छ।

भाषिक संरचनाको मुख्य प्रयोजन बालबालिकालाई भाषाको शुद्ध प्रयोगप्रति अभिप्ररित गराउनु हो। यसका लागि भाषिक संरचनालाई पाठसँग जोडेर सहजीकरण क्रियाकलाप गराउन सकिन्छ। उदाहरण र प्रयोगका आधारमा सम्बद्ध पाठभित्रबाट नियमको खाजी गर्न उत्सुकता जगाउन सकिन्छ। यस पाठ्यकममा यी विषयमा ध्यान पुऱ्याइएको छ।

व्याकरण, वर्णविन्यास र लेख्य चिन्हनको सिकाइ सहजीकरण गर्दा रचना र प्रयोगका माध्यमबाट गर्नु उपयुक्त हुन्छ। भाषा सदैव सन्दर्भमा मात्र सार्थक हुने र सन्दर्भरचना, पाठ वा सङ्कथनबाट मात्र प्रस्तुत हुने हुँदा उपर्युक्त किसिमका भाषिक संरचनालाई स्वतन्त्र रूपमा नभई पाठ वा रचनाका आधारमा शिक्षण र सोही आधारमा मूल्याङ्कन गर्न सकिन्छ। यस पाठ्यकममा यी विषयमा ध्यान पुऱ्याइएको छ।

भाषाको महत्त्वपूर्ण घटक शब्दभण्डार हो। यसअन्तर्गत शब्द उच्चारण, अर्थबोध र प्रयोगसँग सान्दर्भिक क्रियाकलाप गराउन सकिन्छ। यसमा पाठमा प्रयुक्त शब्दलाई केन्द्रबिन्दु मानी विभिन्न विषयक्षेत्रका शब्दभण्डारको विकास गराउने दृष्टिकोण राखिएको हुन्छ। त्यसैले शब्दका विभिन्न अर्थसम्बन्ध र सन्दर्भपूर्ण प्रयोगमा जोड दिइन्छ। यस पाठ्यकममा यी विषयमा ध्यान पुऱ्याइएको छ।

बहुबौद्धिकतामा विद्यार्थीका रुचि, इच्छा र चाहनाका आधारमा शिक्षण गर्न सकिन्छ। विद्यार्थीमा रहेका भाषिक, तार्किक, दृश्यात्मक, शारीरिक गतिबोधक, साङ्गीतिक, आन्तरिक, अन्तरवैयक्तिक, प्राकृतिकलगायतका बौद्धिकताका आधारमा क्रियाकलाप र सामग्री तयार पारी शिक्षण गर्न सकिन्छ। यो सिकाइ योजनामा आधारित सिकाइ हो। यसले व्यक्तिगत र सहकार्यात्मक सिकाइमा जोड दिन्छ। यस पाठ्यकममा यी विषयमा ध्यान पुऱ्याइएको छ।

भाषाशिक्षणका साधनका रूपमा रहेका पाठ वा विधा सामाजिक र सांस्कतिक पाठ हुन्। यी पाठका माध्यमबाट विद्यार्थीमा समालोचनात्मक सिकाइको विकास गराउन सकिन्छ। सनाइ र पढाइबाट विचार निर्माण हुनु, तिनलाई व्यक्त गर्न सिप विकास हुनु, विश्लेषण क्षमता, प्रतिबिम्बात्मक सिकाइ, प्रतिकिया तथा दृष्टिकोणलाई मौखिक र लिखित रूपमा व्यक्त गर्न, उद्देश्य निर्माण, संरचना सङ्कलन, सफलताका तत्त्वहरूको मूल्याङ्कन गर्न सक्नु, सिर्जना, सम्पादन, सार लेखन, सङ्गठन, संश्लेषण र योजनानिर्माण गर्नुसम्मका क्रियाकलाप समालोचनात्मक सिप भएकाले सिकाइ सहजीकरणमा यी प्रक्रियालाई पनि सिकाइकै अङ्गका रूपमा उपयोग गरिन्छ। यस पाठ्यकममा यी विषयमा ध्यान पुऱ्याइएको छ।

व्यक्तिगत सक्रियतामा सिकाइ निर्भर गर्दछ। सिकाइ उपलब्धिमा आधारित सिकाइ तथा समस्यामा आधारित सिकाइका माध्यमबाट विद्यार्थी केन्द्रित सिकाइ प्रक्रियालाई कक्षामा आवश्यकताअनुसार प्रयोग गर्नुपर्ने कुरा उल्लेख गरिएको छ। यसका लागि समूह र व्यक्तिगत कार्यहरू दिने, प्रस्तुतीकरण गर्न लगाउने, आवश्यकताअनुसार शिक्षकले सहयोग गर्ने, सिकाइ उपलब्धिमा आधारित भएर सुनाइ, बोलाइ, पढाइ र लेखाइको अभ्यास गर्नु गराउनु पर्ने कुरा उल्लेख गरिएको छ। यसका अतिरिक्त भाषिक खेल, छलफल, भाषिक खेल, अन्तरक्रिया, परियोजना कार्य, टिपोट लेखन, दैनिकी लेखनलगायतका कार्य गराएरसमेत विद्यार्थी केन्द्रित शिक्षण गर्नुपर्दछ।

आवश्यकतानुसार "म गर्छु, हामी गरौँ, तिमी गर" को सिकाइ रणनीति उपयोग गरी सहकार्यात्मक भाषिक क्रियाकलाप गराउनुपर्ने कुरा उल्लेख गरिएको छ । शिक्षकले आफ्नो शिक्षण कौशल प्रदर्शन गर्न, विद्यार्थीमा अपेक्षित भाषिक सिप विकास गर्न र पाठ्यक्रमको सही कार्यान्वयन गर्न निम्नानुसारका सहजीकरण प्रक्रियाहरू पनि उपयोग गर्न सक्ने कुरा उल्लेख गरिएको छ ।

सिकाइ सामग्रीलाई कक्षामा प्रथम पटक प्रस्तुत गर्नु प्रस्तुतीकरण हो । यसमा नयाँ शब्द, व्याकरणिक एकाइ, कार्यमूलक भाषिक एकाइ, सुनाइ, बोलाइ, पढाइ र लेखाइ सामग्री वा त्यसका नमुना पाठ आदिको प्रस्तुतीकरण गरिन्छ । प्रस्तुतीकरणका लागि उदाहरण प्रस्तुत गर्दा विद्यार्थीको अनुभव, परिवेश, पाठ्यपुस्तकलगायतका सामग्रीलाई उपयोग गर्नुपर्ने कुरा उल्लेख गरिएको छ ।

अभ्यासमा पहिले प्रस्तुतीकरण गरिएका सामग्रीहरूका बारेमा अभ्यास गर्न लगाइन्छ र उनीहरूको भाषिक क्षमता र सम्प्रेषणको विकासका लागि विभिन्न कार्यहरू दिइन्छ । भाषा शिक्षणमा विद्यार्थीलाई नियन्त्रित र निश्चित सन्दर्भमा आधारित भएर पर्याप्त अभ्यास गराउनुपर्छ । यसले उनीहरूमा नयाँ भाषिक एकाइको प्रयोगमा आत्मविश्वास बढाउने भएकाले सोहीअनुसार गर्नुपर्ने कुरा उल्लेख गरिएको छ ।

उत्पादन विद्यार्थी केन्द्रित क्रियाकलाप हो । यस क्रियाकलापमा विद्यार्थी स्वतन्त्र रूपमा नै भाषिक एकाइको उत्पादन गर्न सक्षम हुन्छ । सुरुमा शिक्षकको सहयोगमा र पछि स्वतन्त्र किसिमले भाषाका विभिन्न रूपहरूको उत्पादन हुने हुँदा स्वतन्त्र भाषा सिकाइका रूपमा यस चरणलाई लिइन्छ । यस चरणमा शिक्षकले भाषिक खेल, भूमिका अभिनय, पूर्ण शारीरिक क्रिया, सङ्कथन निर्माण, छलफल र अन्तरक्रिया, सूचना सम्प्रेषण, निष्कर्षण, सारांश, पठनबोध प्रश्नोत्तर, स्वतन्त्र लेखन जस्ता कार्यका आधारमा विद्यार्थीको सक्षमताको परीक्षण गर्नुपर्ने कुरा उल्लेख गरिएको छ ।

सहजीकरण प्रक्रियामा शीर्षक तथा सन्दर्भका आधारमा पूर्वानुमान, कथ्य भाषाको उपयोग, श्रव्यदृश्य सामग्रीको प्रयोग, कुराकानी, छलफल र निष्कर्ष जस्ता भाषिक क्रियाकलाप गर्नुपर्छ । यस विधिलाई सुनाइ तथा बोलाइ सिप सिकाइमा प्रयोग गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । यसमा नमुना प्रदर्शन र सहअभ्यास, तथ्य, तथ्याङ्क, पात्र, घटना, सन्दर्भ, परिवेश, अनुमानलगायतका विषयक्षेत्रमा आधारित प्रश्न र उत्तर निर्माण तथा प्रयोग, व्यक्तिगत तथा सामूहिक धारणा वा निष्कर्ष निर्माण जस्ता भाषिक क्रियाकलाप गर्नुपर्छ । यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्ने कुरा उल्लेख गरिएको छ ।

शारीरिक क्रिया/अभिनय वेगात्मक भावलाई ख्याल गरी शरीरका अङ्ग गतिशील बनाएर सन्दर्भअनुसार प्रयोग गर्नु पूर्ण शारीरिक क्रिया वा अभिनय हो । यस सहजीकरण प्रक्रियामा योजना निर्माण (उद्घोषण, भूमिका अभिनय), विषयक्षेत्र, शीर्षक, नाटक, पात्र, घटनाको छनोट, व्यक्तिगत वा सामूहिक प्रस्तुति, भाषाशैलीको छनोट तथा उपयोग, छलफल, मूल्याङ्कन र पृष्ठपोषण जस्ता भाषिक क्रियाकलाप गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्छ । यसमा व्यक्ति, जोडी, सानो समूह र बृहत् समूहमा सुनाइ र छलफल, नमुना वाचन र अनुकरण, तुलना, विश्लेषण, मूल्याङ्कन र निष्कर्षको मौखिक प्रस्तुतीकरण जस्ता भाषिक क्रियाकलाप गर्नुपर्ने कुरा उल्लेख गरिएको छ ।

स्वाध्याय र छलफल यसअन्तर्गत सामग्री छनोट, अध्ययन, धारणा वा विचार निर्माण, सन्दर्भगत उपयोग जस्ता भाषिक क्रियाकलाप गर्नुपर्छ । यसलाई पढाइ, लेखाइ, शब्दभण्डार र

अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्छ। यसलाई स्वपठन, युगल पठन र समूह पठन गरी छलफल गर्नुपर्छ। यसका क्रममा कथा सुन्ने, भन्ने तथा लयात्मक शब्दबोध, पात्र, घटना, कार्यको बोध, सार निर्माण, पुनर्कथन, पात्र परिवर्तनबाट नयाँ पाठ निर्माणको अभ्यास गर्ने जस्ता भाषिक क्रियाकलाप गनुपर्छ। यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्ने कुरा उल्लेख गरिएको छ।

प्रयोगात्मक तथा खोज कार्य विद्यार्थीको सिर्जनात्मक क्षमता विकाससँग सम्बन्धित छ। ज्ञान र सिपलाई विद्यार्थीको धारणा, अनुभव, अनुभूति र आवश्यकताअनुसार प्रयोग गर्ने स्वतन्त्र क्रियाकलाप नै प्रयोगात्मक कार्य हो। यस क्रियाकलापमा विद्यार्थीले विभिन्न शैलीमा निबन्ध, संवाद, कथा, कविता आदिको लेखन लगायत विभिन्न प्रकारका सङ्कथनको निर्माण गर्दछन्। यसअन्तर्गत भाषिक तथा सञ्चारगत समस्या वा प्रश्नको प्रस्तुति, खोजकार्य वा तरिकाबारे छलफल, निर्देशित वा स्वतन्त्र रूपमा विद्यार्थीद्वारा खोज, स्थलगत अवलोकन र प्रस्तुति, छलफल र पृष्ठपोषण जस्ता भाषिक क्रियाकलाप गर्नुपर्छ। यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्छ। उपयुक्त सिकाइ सहजीकरण गर्दा पहिलो तथा दोस्रोभाषी विद्यार्थीको सिकाइ गति, स्तर र भाषिक अभ्यासमा सहजताका लागि विभिन्न सान्दर्भिक विधिको छनोट तथा उपयोग गर्नुपर्ने कुरा उल्लेख गरिएको छ।

मूल्याङ्कनका माध्यमबाट विद्यार्थीले भाषा सिकाइका क्रममा प्राप्त गरेका ज्ञान, सिप र अभिवृद्धिको लेखाजोखा गरिन्छ। सिकाइ सहजीकरणका क्रममा विद्यार्थी मूल्याङ्कन निरन्तर चलिरहने प्रक्रिया हो। विद्यार्थी मूल्याङ्कनमा आन्तरिक र बाह्‍य दुवै किसिमका प्रक्रिया अवलम्बन गर्नुपर्छ। मूल्याङ्कनले मूलतः विद्यार्थीको भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ), भाषिक संरचना र शब्दभण्डारको सिकाइ उपलब्धि स्तरलाई देखाउने कुरा उल्लेख गरिएको छ। आन्तरिक मूल्याङ्कनलाई सिकाइ सहजीकरण प्रक्रियाका क्रममा उपयोग गर्नुपर्छ। यसको मुख्य उद्देश्य विद्यार्थीका सिकाइ समस्यालाई समयमै पत्ता लगाई सिकाइमा सुधार ल्याउनु हो। विद्यार्थीका व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा आन्तरिक मूल्याङ्कन प्रक्रिया सञ्चालन गर्नुपर्ने निर्देश गरिएको छ। आन्तरिक मूल्याङ्कनमा कक्षाकार्य, गृहकार्य, व्यक्तिगत तथा समूहकार्य, प्रयोगात्मक कार्य, सिर्जनात्मक कार्य, परियोजना कार्य, भाषिक सिपसम्बद्ध सह/अतिरिक्त क्रियाकलाप, अभिभावक सम्पर्क, घटनावृत्त अभिलेख, विद्युतीय सञ्चार माध्यमबाट उपयुक्त सामग्रीको सङ्कलन र प्रस्तुति जस्ता विभिन्न साधनहरूलाई उपयोग गर्न सकिन्छ। यसबाट प्राप्त नतिजालाई अभिलेखीकरण गरी अभिभावकलाई सोको जानकारी गराउनुपर्छ। आन्तरिक मूल्याङ्कनलाई आन्तरिक मूल्याङ्कनसँग अन्तरसम्बन्धित गराउनुपर्छ। प्रत्येक शैक्षिक सत्रका अन्त्यमा अन्तिम परीक्षामार्फत बाह्‍य मूल्याङ्कन गर्नुपर्छ। बाह्‍य मूल्याङ्कनबाट विद्यार्थीको पढाइ र लेखाइको उपलब्धि स्तर निर्धारण सञ्चालन गर्नुपर्ने निर्देश गरिएको छ।

बाह्‍य मूल्याङ्कन गर्दा आन्तरिक मूल्याङ्कनको नतिजालाई समेत आधार मानेर स्तर निर्धारण र कक्षोन्नति गरिन्छ। बाह्‍य मूल्याङ्कनका लागि आन्तरिक मूल्याङ्कन मूल्याङ्कनबाट २५% र बाह्य मूल्याङ्कनबाट ७५% अङ्क भार निर्धारण गरिएको छ। आन्तरिक मूल्याङ्कनको २५% प्रतिशत भार आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिएको छ। आन्तरिक मूल्याङ्कनलाई अभिलेखीकरणलाई जोड दिइएको छ। प्रत्येक विद्यार्थीको कार्यसञ्चयिकालाई अद्यावधिक गरी

व्यवस्थापन गर्नुपर्ने कुरामा जोड दिइएको छ। विविध पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिएको छ। यसअनुसार उपस्थिति र कक्षा सहभागिता ३, सुनाइ र बोलाइ १०, सिर्जनात्मक कार्य, परियोजना कार्य र प्रस्तुति ६ र त्रैमासिक परीक्षा ६ गरी जम्मा २५ अङ्क निर्धारण गरिएको छ। उल्लिखित कार्य गर्दा शिक्षकले निम्नानुसारका कार्य र तिनको विस्तृतीकरणलाई उपयोग गर्न सक्ने व्यवस्था मिलाइएको छ। उल्लिखित क्षेत्रगत क्रियाकलाप नियमित सिकाइ सहजीकरणकै क्रममा गराउने, उक्त क्रियाकलापलाई आन्तरिक मूल्याङ्कनसँग अन्तरसम्बन्धित गरी त्यसको अभिलेख पनि राख्नुपर्ने र उक्त अभिलेखको क्रियाकलापसँगै बाहय मूल्याङ्कनमा समेत उपयोग गर्नुपर्ने व्यवस्था मिलाइएको छ। उल्लिखित कार्य गर्दा शिक्षकले निम्नानुसारका कार्य र तिनको विस्तृतीकरणलाई उपयोग गर्न सक्ने व्यवस्था मिलाइएको छ।

कक्षा सहभागिता, सिर्जना/परियोजना कार्य, सुनाइ र बोलाइ, उपस्थिति र कक्षा सहभागिता, परियोजना कार्य र सिर्जनात्मक कार्य तथा र प्रस्तुति, श्रुतिबोध/लेखन र सुनाइ पाठमा आधारित लेखन, विद्यार्थीको दैनिक हाजिरी अभिलेख र कक्षागत सिकाइ सहभागिता, भाषिक सिप विकास सम्बद्ध लिखित तथा मौखिक प्रस्तुति, निर्देशनमा आधारित वा स्वतन्त्र रचना, श्रुतिलेखन, सुनाइका आधारमा प्रश्नोत्तर, शब्दबोध, अर्थबोध, सन्दर्भबोध, सुनाइ पाठमा भएका पाठ्यसामग्री सुनाइका आधारमा प्रश्नोत्तर लेखन, मौखिक प्रतिक्रिया तथा वर्णन, कुनै सान्दर्भिक विषयवस्तु वा चित्र दिई स्पष्टता, शैली, भाषिक स्तर, शुद्धोच्चारण, गति, यति, लय र हाउभाउसहित मौखिक प्रतिक्रिया तथा वर्णन, कथाकथन, घटना, पात्र र परिवेशको वर्णन, निर्दिष्ट भाषिक प्रकार्यमा आधारित संवाद, मौखिक वर्णन र प्रतिक्रिया रहेका छन्। बाह्य मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ७५ प्रतिशत हुने र प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने उल्लेख गरिएको छ। परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुने र पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणीकरण गरिने साथै अन्तिम परीक्षाको प्रश्नपत्र पाठ्यक्रम विकास केंन्द्रले तयार गरेको विशिष्टीकरण तालिकालाई आधार मानी निर्माण गरिनुपर्ने व्यवस्था गरिएको छ।

## निष्कर्ष

वि.सं. २०२८ पूर्वको नेपाली भाषा सिकाइ प्रक्रिया व्यवस्थित, योजनाबद्ध, वैज्ञानिक र विद्यार्थी केन्द्रित हुन सकेन। वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धति योजनासँगै नेपाली भाषाशिक्षणसँग सम्बन्धित पाठ्यक्रम, पाठ्यपुस्तकको निर्माण भई सोहीअनुकूल पठनपाठन हुँदै आएका छन्। वि.सं. २०२८ पछि शिक्षकका लागि दिइएका अल्पकालीन र दीर्घकालीन, सेवाकालीन वा पूर्व सेवाकालीन तालिम, शिक्षाशास्त्र सङ्कायको स्थापना र शिक्षकको उत्पादनजस्ता गतिविधिले नेपाली भाषा सिकाइमा क्रमश : वैज्ञानिकता, बालमनोविज्ञान र व्यवस्थित अध्ययन अध्यापन प्रक्रिया सञ्चालन हुँदै आएका छन्। वि.सं. २०३८, वि.सं. २०४९, वि.सं. २०५५ र वि.स. २०६४, २०७१ र २०७८ का माध्यमिक नेपाली भाषा पाठ्यक्रम र सोअनुकूलको सिकाइ सहजीकरणसम्बन्धी निर्देशनले पनि नेपाली भाषा कक्षामा सिकाइ सहजीकरण प्रक्रियामा क्रमश : सुधार गर्दै नेपाली भाषाशिक्षणको मर्म र भावना अनुकूल हुँदै आएको छ। पछिल्लो समय वि.सं. २०७८ को माध्यमिक नेपाली पाठ्यक्रमको

कार्यान्वयनसँगै विद्यालय शिक्षणलाई सिकारुमैत्री, सिपकेन्द्रित र प्रयोजनपरक बनाउन खोजिएको छ । हाल आएर सूचना प्रविधि इमेल, इन्टरनेट स्लाइडल, एआइगायतको प्रयोगले नेपाली भाषा सिकाइकमा सूचना प्रविधिको प्रयोग सहज भएको छ । भाषा पाठ्यक्रमलाई विविधतामूलक, रुचिपूर्ण र उद्देश्यमूलक बनाउन थालिएको छ । वर्तमान पाठ्यक्रमले शिक्षणलाई अझ सफल, प्रभावकारी, व्यावहारिक र उद्देश्यमूलक बनाउन भाषाशिक्षकमा भाषाशिक्षणप्रतिको धारणामा स्पष्टता, जवाफदेहिता तथा सिकारुमा यस अनुकूलको लगनशीलता आवश्यक भएको निष्कर्ष निकालिएको छ । यो अध्ययन वर्तमान नेपाली पाठ्यक्रमप्रति शिक्षकका अनुभवमा केन्द्रित रहेको छ । यो अध्ययन नेपाली पाठ्यक्रमप्रति गहन अध्ययन गर्न चाहने शिक्षक, विद्यार्थी तथा अनुसन्धानकर्ताका लागि लाभदायी हुने देखिन्छ । यसै गरी पाठ्यांश निर्माण तथा परिमार्जनका सन्दर्भमा समेत उपयोगी हुने छ । साथै यस अध्ययनले निर्दिष्ट विद्यालय तहका पाठ्यक्रम तथा पाठहरूको मूल्याङ्कन गर्नसमेत सकिने आधार प्रदान गर्ने छ ।

## सन्दर्भसामग्री सूची


अधिकारी, हेमाङ्गराज (२०६३). *नेपाली भाषाशिक्षण: केही परिप्रेक्षय तथा पद्धति.* विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६५). *नेपाली भाषाशिक्षण.* काठमाडौं पुस्तक भण्डार ।

अनिवार्य नेपाली स्थायी समिति (२०६६). अनिवार्य *नेपाली शिक्षण निर्देशिका.* साझा प्रकाशन ।

अनिवार्य नेपाली स्थायी समिति (२०८०). *नेपाली साहित्यिक रचना* (परिवर्तित चौथो संस्क.). साझा प्रकाशन ।

ढकाल, शान्तिप्रसाद (२०६४). *भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति.* अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन ।

पाठ्यक्रम विकास केन्द्र (विभिन्न समय). *प्राथमिक, निम्न माध्यमिक तथा माध्यमिक नेपाली पाठ्यक्रम.* जनक शिक्षा सामग्री केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र (२०७८). माध्यमिक शिक्षा (कक्षा ९ र १०) पाठ्यक्रम २०७८ ।

भण्डारी, पारसमणि (२०६०), *प्राथमिक तहका विद्यार्थीको आधारभूत नेपाली शब्दभण्डारको निरूपण,* पिएच.डी, शोधप्रबन्ध, त्रि.वि. ।

रिचर्ड्स, ज्याक सी. र थियोडोर एस. रोजर्स (सन् १९८७), *याप्रोजेज एन्ड मेथड्स इन ल्याङ्ग्वेज टिचिङ,* लन्डन : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

रिभर्स, डब्ल्यु.एम. (सन् १९८१). *टिचिङ फरेन ल्याङ्ग्वेज स्किल्स* (दोस्रो.संस्क.). सिकागो युनिभर्सिटी प्रेस ।

लम्साल, रामचन्द्र र अन्य (२०६६). *पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति.* भुँडी प्रकाशन ।

शर्मा, केदारप्रसाद (१९९५). *अ क्रिटिकल इभाल्युएसन अफ दि प्राइमरी लेभल गभर्न्मेन्ट टेक्स्ट बुक्स अफ दि नेपाली ल्याङ्ग्वेज,* पिएच.डी. शोधप्रबन्ध, त्रि.वि.वि., कीर्तिपुर ।

शर्मा, केदारप्रसाद र पौडेल माधवप्रसाद (२०६०). *नेपाली भाषा र साहित्य शिक्षण.* न्यु हिरा बुक्स इन्टरप्राइजेज ।